# १३ बारुक

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** यशैया ५३:१-५, यर्मिया ७:१-११, यर्मीया २८, यर्मिया ४५, मत्ती ६:२५-३४।

***स्मरण गर्नुपर्ने पद:*** "व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूको बिहानको मिरमिरे उज्यालो पनि छैन।" यशैया ८:२०।

"गवाहीको लागि यदि कसैले व्यवस्था तथा परमेश्वरको वचनलाई जनसमक्ष ल्याउँछ भने त्यसलाई बाइबलमा लेखिएका परमेश्वरका वचनहरूबाट जाँच्नुपर्छ। तर उहाँको वचनको श्रेष्ठता नै तिनीहरूको गवाहीको केन्द्रविन्दु भएन भने तिनीहरूको हृदयमा परमेश्वरको ज्योति छाएको छैन भनेर प्रमाणित गर्दछ।" (यशैया ८:२० अनुवादकको रूपान्तर)।

बारुकको समयमा संसारको अन्त्य हुन लागेको भान भएको थियो। इतिहासको अन्तिम घडिमा येरूशलेम र यहूदा पस्रिरहेका थिए। झण्डै २०० वर्षसम्म असेरियाले सारा मध्यपूर्वलाई कव्जामा राखेका थिए। तर त्यो भेगका देशहरू गृहयुद्धले ग्रसित भएका थिए। असेरियाले दास बनाएका शहरी राज्यहरूमाथिको आफ्नो कव्जा खुकुलो हुँदै गएको थियो। फेरि त्यसैबेला नयाँ महाशक्तिशाली राज्यको उदय हुँदै थियोः बेबिलोन अर्थात् आधुनिक इराक। परमेश्वरप्रति आस्थावान असल राजा योसियाहको अन्तर्गत यहूदा देशमा केहि शान्ति थियो (ई.पृ. ६४०-६०९)। यहूदाले आफ्नो राज्यका सिमानहरू केहि हदसम्म बढाउन सकेका थिए। यस राज्यले सत्य परमेश्वरप्रतिको आराधनालाई पुनःसमर्पण गरेको थियो। तर ईसापूर्व सातौं शताव्दीमा परिवर्तनको लहर मध्यपूर्वमा द्रुत गतिले फैलिरहेको थियो। इजिप्त अर्थात् मिश्रदेशसँगको युद्धमा राजा योसियाह मारिएका थिए (२ राजा २३:२९)। उनका छोराहरूले यहूदाको राज्यलाई सम्हालेका थिए, तर तिनीहरूमा ती शक्ति थिएन जुन ऊहरूका बाबुसँग थियो। बेबिलोनसँग विद्रोह गर्दा तिनीहरूले घातक भूल गरेका थिए। त्यसको फलस्वरूप बेबिलोनले येरुशलेमलाई पूर्ण रूपमा आफ्नो कव्जामा लिए र ई.पू. ५८६मा येरुशलेममा रहेका परमेश्वरको मन्दिरलाई ध्वस्त पारे।

यहूदाका धेरै मानिसहरूलाई युद्धवन्दी बनाएर बेबिलोनमा लगे र तिनीहरूलाई दास बनाएका थिए।

यहि संक्रमणकालिन अवस्थामा बारुक देखापरेको थियो। परिवर्तन र क्षतिग्रस्त बारुकको संसार भत्किरहेको थियो। यद्यपि उसले यस्तो सम्पदा वा उपहार छोडेर गए जसलाई कुनै पनि राजा र युद्धले नाश गर्न सक्दैनथ्यो।

पुरानो करारका कम परिचित पात्रहरूमा, बारुक, यस पुस्तकको अन्तिम पात्र हुन्। ऊबाट हामी के सिक्नसक्छौं त? हेरौं।

## १. बारुकको संसार (यर्मीया ७:१-११)।

यदि हामीले तात्कलिन केहि खास राजनैतिक, आर्थिक र धार्मिक परिस्थितिहरूलाई बुझ्यौं भने बारुकको संसारको बारेमा हामीले केहि हदसम्म बुझ्न सक्छौं। यहूदाको देश विदेशी चक्रवर्ती राजाको नियन्त्रणमा थियो। यहूदाको समाजका सबै क्षेत्रहरूमा बेबिलोन देशको खिलाफमा बिद्रोहको आगो सल्किरहेको थियो। मानिसहरू बिदेशको दलाल हुनुबाट मुक्त हुन चाहेका थिए। केहि व्यक्तिहरूको निम्ति आर्थिक अवस्था ठिकै थियो। गरिबहरूको मोलमा केहि यहूदीहरू अत्यन्त धनी भइरहेका थिए।

यर्मिया ७:१-११ पढ्नुहोस्। के केहि गम्भिर नैतिक र आत्मिक समस्याहरू मानिसहरूका अगाडि थिए र तिनीहरूलाई ती समस्याका बारेमा कसरी सजग गराएका थिए। वर्तमान परिप्रेक्ष्यमा त्यसबाट हामीले के सिक्नसक्छौं? पद ४लाई विशेष ध्यान दिनुहोस्। यसमा लेखिएकोछः “छली कुरामा भरोसा गरि यो नभन, ‘यो परमेश्वरको मन्दिर हो। यो परमेश्वरको मन्दिर हो। यो परमेश्वरको मन्दिर हो।’ मानिसहरूलाई यस्तो खबरदारी किन गराइएको हो? यसबाट हामीले पनि के पाठ सिक्नसक्छौं।

बारुकको अर्थ “आशिष पाएको व्यक्ति" हो। समुच्च रूपमा हेर्दा बारुक भाग्यमानी वा आशिषित व्यक्ति भएको देखिन्छ। ऊ लेखनदास अर्थात् सचिब थिए। यसको अर्थ ऊ अत्यन्त शिक्षित व्यक्ति थियो। ऊ लेखक खान्दानबाट आएको देखिन्छ। नयाँ नियममा यस्तो खालको व्यक्तिलाई शास्त्री भनेर सम्वोधन गरेको पाउँछौं। अनि तात्कालिन संक्रमणकाल अर्थात् कठिन समयमा अरूहरूसँग उसको परिवारको सम्वन्ध असलै थियो।

परमेश्वरका अगमवक्ता र पुजारी यर्मियाको निजी सचिव वा लेखनदास हुन बारुकलाई कसरी नियुक्त गरिएको थियो भन्ने कुरा हामीलाई जानकारी छैन। यर्मिया र परमेश्वरको बिचमा घनिष्ठ सम्वन्ध भएकोले स्वइच्छाले यर्मियाको सेवक हुनपुगेको पनि हुनसक्छ। यर्मियाले प्रचार गर्दा उनको आवाजहरूले उनका वचनहरू परमेश्वरको वचनमा गहिरोसँग गाभिएको देखिन्थे। जतिसुकै जोखिम र खतरापूर्ण भएपनि यर्मिया निर्भिक भएर परमेश्वरको वचनमा अडिरहन्थे। उसको समाजले विश्वास गरेका सरकारको कमजोरीलाई परमेश्वरले उसलाई दर्शनद्वारा विशेष जानकारी दिनुभएको थियो। आफ्ना क्रियाकलापदेखि मानिसहरूलाई सजग गराउन परमेश्वरले यर्मियालाई बोलाउनु भएको थियो। यदि मानिसहरूले आफ्ना अनुचित मार्गहरू परिवर्तन गरेनन् भने यहूदाको पतन हुन्छ भनेर यर्मियाले चेतावनी दिएका थिए। त्यहि परिवर्तनको चाहना गरेको कारणले नै उसलाई विशेष कामको निम्ति नियुक्त गरिएको हुनसक्छ।

यर्मिया ७:१-११मा परमेश्वरले यर्मियामार्फत मार्मिक आह्वान तत्कालिन यहूदाका मानिसहरूलाई दिइएको थियो। के त्यो केवल इतिहासको पानामा मात्रै सिमित राख्नलाई आह्वान गरिएको हो त? तपाईंको आफ्नै जीवनमा पनि ती आह्वानहरूलाई कसरी आत्मसात् गर्न सक्नुहुन्छ? तपाईंको जीवनमा के परिवर्तन हुन आवश्यक छ? कुन् झुठा आश्वासनहरूमा तपाईं फसिरहनुभएको होला? तपाईंको हृदयका पानाहरूमा अरू कुन् देवीदेवताहरूको चलखेललाई स्थान दिइरहनुभएको होला? ती प्रश्नहरुका जवाफदिने मामिलामा तपाईं आफै कत्तिको इमान्दार हुनु भएको छ?

## २. यर्मियाको स्वकिय सचिव वा लेखनदास (यर्मिया २८)

बाइबल कसरी लेखियो भन्ने कुरालाई यर्मयाको पुस्तकले विशेषगरि देखाएको पाउँछौं। यर्मियाको स्वकिय सचिव वा लेखनदास बारुक परमेश्वरको वचनलाई लिखितरूपमा उतार्न सक्रिय सहभागी भएको हामी पाउँछौं। यर्मिया ३६:४मा यर्मियाले बारुकलाई बोलाउँछन्। जब यर्मियाले मानिसहरूलाई सम्वोधन गर्छन् तब उनले भनेका वचनहरूलाई बारुकले कागजी मुठ्ठामा सबै लेख्दछन्। परमेश्वरबाट आएको प्रेरणालाई कसरी जनसमक्ष ल्याइयो भन्ने ज्वलन्त उदाहरण यो हो। जब अगमवक्ता यर्मियाले लेख्छन्, परमेश्वरले उनका

हातहरू वा शरिरलाई नियन्त्रणमा लिनुहुन्न। साधारणतया परमेश्वरबाट आएका वचनहरूलाई अगमवक्ताले आफ्नै शव्दहरूमा लेख्दथे। तर यस समयमा यर्मियाले बारुकलाई बोलाएर आफूले उच्चारण गरेका वचनहरू लेख्न लगाए। अनि ती वचनहरूलाई जनसमक्ष ल्याउन पनि बारुकलाई अऱ्हाइएको थियो। दरवारमा यर्मियालाई मन नपराएकाले उनलाई परमेश्वरको उपासनास्थलमा जान मनाही गरिएको थियो। अनि पवित्र दिनमा मन्दिरको परिसरमा यर्मियाबाट पाइएको परमेश्वरको वचन मानिसहरू समक्ष पढ्ेर सुनाउँछन्। बारुकले ती वचनहरू न त आफ्नो न त यर्मियाकै हो भनेर कहिलै दावी गरेको पाउँछौं। उनले सम्वोधन गरेका सन्देश परमेश्वरकै थियो।

हनन्याहको कथा यर्मिया २८मा पढ्नुहोस्। यशैया ८:२०लाई स्पष्ट पार्न यस कथाले कसरी हामीलाई निर्देशित गर्दछ?

परमेश्वरको वचनले कसैको चिप्लो घस्दैन न त लोकसम्मत अनुसार नै चल्छ, न त लोकप्रिय हुन्छ। राजनैतिक दिर्घा वा शैलीमा सधैं उचिन नै हुन्छ भन्ने छैन। जब परमेश्वरले जवाफ दिनुहुन्छ वा आफ्नो मनशाय व्यक्त गर्नुहुन्छ त्यो आफूसँग बाँझिने गरि बोल्नु हुन्न। उहाँको निर्देशन बाइबलसम्मत नै हुन्छ। परमेश्वरको वचनलाई हामीले वाख्या गर्ने तरिकामा बाँझिएला। तर परमेश्वरको वचनलाई हाम्रो अज्ञानताले वाख्या गर्न नसकेपनि उहाँको वचन सत्य नै भएर बस्छ।

भविष्यवाणी पूरा भएको आधारमा बाइबलको एकता निर्माण भएको हो भनेर यर्मिया २८:७-९मा अगमवक्ता यर्मियाले व्यक्त गरेको पाउँछौं। झुठ्ठा भविष्यवक्ता वा सिद्ध भनेर दावी गरेका मानिसहरूको असमायक वा छिट्टो मृत्युले यस अध्यायको महत्वपूर्ण सिद्धान्त वा नितिलाई पुष्टि गर्दछ।

परमेश्वरले हामीलाई उहाँको वचन दिनुभएको छ र उहाँको वचनमा भरोसा राख्नु हाम्रो निम्ति अत्यन्त हितकर हुन्छ भन्ने धारणाहरूलाई आत्मसात् गर्ने कुरालाई सम्झनु अत्यन्त महत्वपूर्ण छ। हो कतिपय समयमा परमेश्वरको वचनमा उल्लेख गरेका वाक्य वा अंशहरूलाई हामीले बुझ्न सक्दैनौं, त्यत्तिमात्र होइन ती वचनले हाम्रो भावनामा गम्भिर चोत पनि ल्याउन सक्दछ। परमेश्वरको वचनले हाम्रो नाङ्गोपनालाई उदाङ्ग पनि गर्न सक्छ। तर याद गर्नुहोस्, बाइबल आफैले हामीलाई उद्धार गर्न सक्दैनन्। कतिपय मानिसले यसलाई मूर्ती जस्तै ठानेर ढोग्छन् र पूजा पनि गर्न सक्छन्। तर बाइबल नपढी

त्यसले औँल्याएको येशूलाई हाम्रो मुक्तिदाता बनाउन सकेनौँ भने त्यो बाइबल केवल अजीव पुस्तकमात्र हुन जानसक्छ। हाम्रो हृदयलाई परिवर्तन गर्ने र हामीलाई मुक्ति दिने व्यक्तित्व केवल येशूमात्र हुनुहुन्छ। तर यो कुरा सर्वसम्मत छ कि येशू को हो भनेर पुर्णरूपमा देखाउने माध्यम बाइबलबाहेक त्यस्को विकल्प अरू कहाँ पनि छैन न त कोहि नै हुनसक्छ।

हाम्रो भरोसा र विश्वासलाई कमजोर पार्न यस संसारमा धेरै तत्वहरू छन्। ती कुनै तत्वहरूलाई किटान गरेर त्यसको चर्चा गर्नुहोस्। यदि हामीले बाइबलमा उल्लेख गरेका वचनहरूलाई विश्वास गर्न छोड्यौँ भने हाम्रो विश्वासको आधार कहाँ रहन्छ त?

## ३. बिचलित महत्वाकाँझाहरू (सफलताको नाउँमा सर्वोच्च हुने चाहना) (यर्मिया ३६)

आफ्ना परिस्थिति कस्तो गम्भिर भइसकेको रहेछ भनेर यहूदाका मानिसहरूले अब बुझ्न थालेको देख्छौँ। एक दिन मन्दिरको परिसरमा उपवास वसी मानिसहरूले परमेश्वरको अगाडि पछुताव गर्दछन्। अरू शास्त्री वा धार्मिक पण्डितहरूसँग असल सम्वन्ध भएकोकारणले, बारुकले पनि सार्वजनिक स्थलमा सम्माननिय स्थान पाउँछन्। मन्दिरको ढोका अगाडि एउटा झ्याल थियो। त्यसलाई गमरियाह भनिन्थयो। त्यस झ्यालभएको ठाउँ सार्वजनिक स्थल थियो जहाँ धर्मगुरूहरूले धार्मिक प्रवचनहरू दिन्थे। त्यहाँ आफूले लेखेको यर्मियाबाट पाएको सन्देश बारुकले पढेर सुनाउँछन्। उनको सन्देश सुनिसकेपछि दरवारियाहरूले बारुकलाई गुप्तरूपमा बोलाएर त्यो सन्देशलाई आफूहरूले ध्यानपूर्वक सुन्दछन्। बारुकको सामु विभिन्न जिज्ञासाहरू राखेपछि ती दरवारियाहरूले राजालाई त्यो समाचार सुनाउने निर्णय गर्छन्। सार्वजनिक स्थलबाट राजासम्म यर्मियाको सन्देश पुगिसकेपछि अब यहूदामा केहि न केहि परिवर्तन होला भनेर आशा गर्नु स्वभाविकै थियो।

यो निर्णयले बारुकको मनमा पनि केहि न केहि होला भनेर आशा पल्हाएको थियो। यदि यर्मियाको सन्देश अनुसार मानिसहरूले आफ्नो कुमार्ग छोडे भने यर्मियाको इज्जत रहनेछ र उनलाई आफ्नो सेवा जारी राख्ने कुरामा बारुक निश्चित थियो। परिवर्तित समाजमा

बारुक महत्वपूर्ण मानिस थिए। हुनसक्छ, उनले सरकारी सेवामा पनि उच्च स्थान ओगट्ने मौका पाउँथ्यो।

बारुकलाई राजाले दिएको जवाफको अर्थ के हो र उसले गरेको आशामा कसरी ढक्का पुग्छ? हेर्नुहोस्: यर्मिया ३६।

त्यसबेला कागज सिमसागर अर्थात् दलदले पानीमा उम्रिने बिरुवाका (पपिरस) पातहरू हुन्थ्ये। बाइबल कालमा ती कागजहरू विशेष गरेर मीश्रदेशमा प्रचलित भएका थिए। त्यो पपिरस कागज अत्यन्त महँगो हुन्थ्ये। त्यस कागजमा लेखेका सबै कुराहरू हातले नै लेखिन्थयो। यसले गर्दा ती कागज महँगो र अत्यन्त मुल्यवान हुन्थ्यो। यर्मियालाई परमेश्वरले दिनुभएको सन्देश विशेष कागजी मुठामा (यसलाई चर्मपत्र वा स्क्रोल भनिन्छ) लेखिएको थियो र यो राजा यहोयाकिमको निम्ति थियो। जब राजाले त्यो सन्देश सुन्छन् रीसले चुर भएर त्यस कागजलाई च्यात्न लगाएर आगोमा फालिदिन्छन् राजा र दरवारियाहरूले परमेश्वरलाई स्पष्टरूपमा अपमान गरेको देखिन्छ। कागजी मुठ्ठा जल्नुको अर्थ बारुकको निम्ति आफूले गरेका घन्टौंको परिश्रम खेर जानु थियो।

राजाको अगाडि परमेश्वरको सन्देश सुनाउने अवसर पाउँदा बारुकले अत्यन्त गौरव मानेका थिए र अब दरवासमा आफूले पनि कुनै उच्च पद पाउने आशा गरेका थिए। जब राजा र दरवारियाहरूले एकल बारुकका सामग्रीलाई आगोमा फेँकिदिन्छ त आफू पनि गलत मानिसको पछि लागेको हो कि भन्ने भावनाले उसलाइ पिरोल्न थाल्छ। अब राजाको दरवारमा पनि लेखनदासको काम गर्ने जागिर पनि खतम भएको महशूस गर्दछ। यहूदाले शक्तिसाली मानिसलाई (राजा) रीस उठाउँदा बारुक दिक्क भएको थियो। परमेश्वरको निम्ति उभिन्दा कस्तो मोल चुकाउनु पर्दो रहेछ भनेर देखाउने ज्वलन्त उदाहरण बारुकको कथाले देखाउँछ।

अब यर्मिया र बारुक राजाको अगाडि आँखको छारो भए। यसले गर्दा तिनीहरू भूमिगत हुनुपर्‍यो। राजाका जासुसहरूले राजा र देशका सत्रुहरू (यर्मिया र बारुक)लाई समात्न शहर चहार्छन्। अब हामी देख्छौं कि कोहि पनि डरछेरुवाले परमेश्वरको पछि लाग्न सक्दैनन्। फेरि परमेश्वरको पछि लागेर उहाँलाई प्रयोग गरेर आफ्नो भविष्यलाई उज्यालो पार्ने सपना पनि कस्तो चक्नाचुर हुनेरहेछ। याद गर्नुहोस्, परमेश्वरको जन हुनु वा परमेश्वरको वचनको माध्यम हुनु

भनेको यस संसारिक दृष्टिकोणले सफलताको बाटो अंगाल्नु होइन। बरू जुनसुकै मोल चुकाउनु परेतापनि परमेश्वरको इच्छा हाम्रो जीवनमा के रहेछ भनेर उगार्दै उहाँमा समर्पित जीवन बिताउनु हो। बेला बेलामा हामीले त्यसको निम्ति ठूलो मूल्य चुकाउनु पनि पर्ने हुन्छ।

परमेश्वरको पछि लाग्दा तपाईंले कस्तो मोल चुकाउनु पर्‍यो? परमेश्वरको दश आज्ञा वा बाइबलको नितिलाई अंगाल्दा तपाईंले त्याग गर्नु परेको पछिल्लो अन्तिम कुरालाई याद गर्नुहोस्। येशूभक्तको जीवन भनेको आफ्नो भाउ बढाउनु हो कि आफूलाई जोखिममा पारेर उहाँको भाउ बढाउनु हो? यस बारे विश्लेषण गर्नुहोस्।

## ४. धिक्कार छ मलाई ! (यर्मिया ४५:३, यशैया ५३:१-५)

राजाको रिसले हविगत खेप्नुपरेको बारुकलाई मात्र परमेश्वरले विशेष सन्देश दिनुहुन्छ। जे जति भयो त्यसपछि यो हुनु अनौठो कुरो नहुन सक्छ। यर्मिया ४५:१ले यहोयाकिमकोको चौठौं वर्ष भनेर उल्लेख गरिएको छ। यसको अर्थ अध्याय ३६ पछि अध्याय ४५को घट्ना भएको हुनुपर्छ। यर्मिया झ्यालखानामा परेको हुनसक्छ। अब यहूदाका अगुवाहरूमा  सुधारको आशा पल्हाउनु असम्भव भएको पाउँछौं। यर्मिया ४५:३ अनुसार बारुकको दिन अन्धकारमय भएको देख्छौं।

यस पतित संसारमा मानिस भएको कारणले दिक्क हुनु वा उदास हुनु स्वाभाविक जीवनको एक भाग हो। येशूलाई विश्वास गर्‍यो भन्दैमा सधैं डिच्च पारेर हाँसीरहनुपर्छ भन्ने छैन। दुःख सुख, अन्धकार र उज्यालोको घट्नाचक्रमा हामी जाकिरहेका हुन्छौं। त्यसकारण कहिलेकाहिँ विभिन्न कारणवस शोकको भुमिरिमा हामी पर्दछौं। यस्तो वातावरणमा हामी पर्दा यो भावना गलत र पापपूर्ण छन् भन्नु उचित देखिन्दैन। यस संसारमा हामी यस्तो परिस्थितको सामन गर्छौं कि यदि त्यो परिस्थिति भएन भने हामी मान्छै नै होइन भनेर ठोकुवा गर्नसक्छौं। बाइबलका प्रायसजो सबै परमेश्वरका पात्रहरूले दुःख, निराश र उदासिनतालाई खेप्नुपरेको हामी पाउँछौं (१ राजा १९:४, अयूब ६:२, भजन ५५:४ आदि)। परमेश्वरलाई विश्वास गरेको वा उहाँमाथि भरोसा राखेको कारणले हामी यस्ता परिस्थितिबाट पार भएर बस्नसक्छौं भन्ने भावनालाई खेलाइ राख्न भनेको आफूले आफैलाई मूर्खता बनाउनु हो।

यशैया ५३:१-३ पढ्नुहोस्। यहाँ व्यक्त गरेका मुद्रा र भावनाहरू कस्ता छन्? यहाँ व्यक्त गरेका शोकाकूल भावना कस्को हो? यसले हामीलाई के सन्देश दिन्छ?

अत्यन्त शोकाकूल अवस्थामा पनि परमेश्वरले हामीलाई बिर्सनुहुन्न भन्ने प्रतिवद्धता हामी सबैमा हुनु अत्यन्त जरुरी छ। यसको अर्थ अरूको दु:खमा हामी पनि सहभागी भएकाछौं भनेर देखाउँछौं। (संसारमा दु:ख छ, त्यसबाट भागेर कुनै धर्मको शरणमा जान्दा त्यो दु:ख हराउँछ भन्नु केवल दिवास्वप्न मात्र हो किनकि तपाईं संसारबाट भागेर कुनै कुटी वा गुफामा ध्यान गर्न जाँदैमा जबसम्म येशू प्रत्यक्ष आउनुहुन्न तबसमम्म संसारमा भइरहेको दु:खको अन्त्य हुँदैन। हामीले दु:ख पाउनुको अर्थ अरूको दु:खमा हामी सवेदनशील हुनु हो- अनुवादकको मन्तव्य)। यस संसारमा पाउने दु:ख, हाम्रो दोष वा निर्दोषसँग सरोकार हुनुपर्छ भन्ने छैन। तर एक अत्यन्त महत्वपूर्ण वा अपरिहार्य धारणालाई हामीले आत्मसात् गर्नुपर्दछ: त्यो हो, हामीमा वा कसैमा आएको दु:ख, कष्ट वा शोकलाई सैतानले लाभ उठाएर हामीलाई परमेश्वरबाट टाडा राख्ने वा उहाँप्रति झुव्द वा क्रुद्ध काममा उसलाई मौका दिनुहुन्न। बरू परमेश्वरको सदाशयता र करुणालाई सम्झन्दै नयाँ स्वर्ग र पृथ्वीमा सबै चोटको अन्त्य, उज्यालो भविष्य र नयाँ अजम्मरी जीवनको दावी गरिरहनुपर्दछ।

चाहे चर्चको सन्दर्भमा होस्, चाहे व्यक्तिगत उत्थानको सन्दर्भमा होस् सबै थोक असल, राम्रो व्यवस्थित भएको हामी सबै चाहन्छौं। यहाँ नै हाम्रो जीवन सुखसयल भएको हामी चाहन्छौं। तर यस संसार पाप र दुष्टताले भरेको कारण हामीले अपेक्षा गरेको अनुसार नचलेको हामी पाउँछौं। चाहे त्यो एकदम सबैको लागि उपयोगी नै कुन नहोस् हाम्रो इच्छा अनुसार कुनै संघ संस्था वा घरै चल्नुपर्छ भन्ने छैन। तर पाप, दु:ख र मृत्युको भयङ्कर परिणामबाट हामी मुक्त हुने समय पर्खिरेको छ भन्ने महान आशाबाट हामी कहिलै पनि बिचलित हुनुहुन्न। प्रत्येक येशभक्तको निम्ति यो संजिवनी सावित हुनुपर्दछ।

तपाईंको निम्ति, नयाँ स्वर्ग र नयाँ पृथ्वीको बारेमा बाइबलका केहि मनपर्ने प्रतिज्ञाहरू के के हुन्? तिनीहरूलाई पढ्नुहोस्, स्मरण गर्नुहोस् र तिनीहरूलाई लिएर प्रार्थना गर्नुहोस्। ती प्रतिज्ञाहरूलाई आत्मसात् गर्दै जुनसुकै प्रतिकूल अवस्थामा पनि परमेश्वरमा भरोसा

राख्न र त्यस महान् युगमा तपाईं पनि प्रवेश हुनेछ भन्ने आशालाई जोगाइ राख्न विश्वासको प्रार्थना गर्नुहोस्।

## ५. मेरो निम्ति यसमा के छ? (यर्मिया ४५)

यर्मिया ४५ पढ्नुहोस्। परमेश्वरको चित्रण यसमा कसरी गरिएको छ? बारुकको बारेमा हामीलाई यहाँ के भन्छ?

बारुक दिक्क भएको छ, ऊ शोकाकूल भएको छ, ऊ पिडामा छन्, उनको हृदय व्याकुल छ र ऊ गलान छ। आफ्ना सबै कामहरू जरैदेखी उखेलेर फ्याँकेको उनले देख्छ। उनको सबै सपनाहरू कुइरो जस्तै बिलाएर गइरहेकाछन्।

यथार्थमा उनको मात्र होइन परमेश्वरको हृदयपनि शोकाकुल भएको छ। अत्यन्त मायापूर्वक परमेश्वरले इस्रायललाई रोप्नु भएको थियो, स्याहार संभार गर्नुभएको थियो। उहाँको दृष्टि इस्रायलमा हरहमेसा थियो। हठी र विद्रोही छोराछोरीलाई चिन्तित आमाबाबुको दृष्टि भएको जस्तै परमेश्वरले हजारौं वर्षसम्म आफूतिर फर्कन जिकिर (आह्वान) गरिरहनुभएको थियो, र उहाँको सदाशयको फायदा उठाउन सकेन भने सैतानले कसरी फायदा उठाउन सक्छ भनेर इस्रायलका मानिसहरूलाई चेतावनी दिइरहनुभएको थियो। सानो रूपमा देखिएतापनि बारुकको वेदना र दिक्कपना परमेश्वर आफैले पनि भोगिरहनुभएको थियो। यसले नै परमेश्वरको हृदय दुःखप्रति कत्तिको संवेदनशील हुनुहुन्छ भनेर देखाएको हुनसक्छ। याद गर्नुहोस्, जब हामी रुँछौं, हामी कहिलै पनि एक्लै रोएका हुँदैनौं। हाम्रो शिरका प्रत्येक कपालहरूलाई गन्नुहुने परमेश्वरले अब आफ्नो समय निकालेर दुःखीत लेखनदास बारुकसँग बोल्नुहुन्छ र उनलाई आशा र हौशला दिनुहुन्छ। इस्रायलमा छिट्टै पर्ने न्यायमा बारुकको जीवनचाहिँ जोगिनेछ। परमेश्वरले उनको जीवनलाई बचाउनुहुनेछ। परमेश्वरले बारुकलाई भन्नुहुन्छः "तिमीले आफ्नो निम्ति ठूला ठूला कुराहरू नखोज। म सबै मानिसहरूको सर्वनाश गर्न दिनेछु। तर तिमी जहाँ जान्छौं त्यहाँ तिम्रो ज्यानलाई जोगाइ दिनेछु वा तिमीलाई मार्न खोज्नेबाट तिमीलाई उम्काइ दिनेछु।" यर्मिया ४५:५ रूपान्तरित। "ज्यान मार्ने मानिसबाट तिमीलाई जीवन दिनेछु" भन्ने वाक्य यर्मियाको पुस्तकमा अन्तपनि पाइएको छ (हेर्नुहोस्ः यर्मिया २१:९, ३८:२ र ३९:१८)। यो यस्तो चित्रण हो, जसरी युद्धमा हारेको सेना आफ्नो ज्यान जोगाउन भाग्छ त्यसरी नै यस

सांसारिक युद्धमा हामी हारेपनि परमेश्वरले अनन्त राज्यको निम्ति हाम्रो ज्यान जोगाइ राख्नुहुनेछ।

जीवनसँग हार खाएपछिमात्र मुक्ति पाउँछौं। जब क्रुसको छहारीमा येशू हारेर लत्रनुभयो, त्यसबेला मात्र उहाँले बिजय प्राप्त गर्नुभयो। कसैसँग भिंड्‌न, प्रतिस्पर्धा गर्न वा उसको शेखी झार्न आफ्नो सर्वोच्चता कायम गर्ने युद्धलाई रोकेर हाम्रा सम्पूर्ण जीवन, योजना र भविष्यलाई परमेश्वरमा समर्पण गर्न राजी भयौं भने हामी पनि उहाँमा सुरक्षा र शान्ति पाउनेछौं। जब हामी पूर्ण रूपमा परमेश्वरमा आत्मसमर्पण गर्छौं तब मात्र हामी उहाँमा सुरक्षित भएको आभास पाउँछौं।

यर्मिया ४५:१-५ र मत्ती ६:२५-३४मा के समानान्तर सत्यता हामी पाउँछौं?

साँच्चिकै महत्वपूर्ण कुरो बारुकको निम्ति के रहेछ भनेर यर्मिया ४५मा परमेश्वरले यर्मिया ४५मा उनलाई सम्झाउनुभएको पाउँछौं। यस संसारमा पाइने कुनै पनि वस्तुभन्दा हाम्रो जीवन अत्यन्त मूल्यवान छ भनेर येशूले मत्ती ६मा बोल्नुभएको थियो। बारुकले आफू महान हुने सपना देखेका थिए। तर बिलाएर जाने संसारिक महानता भन्दा उनको ज्यान महत्व छ भनेर परमेश्वरले भन्नुभएको थियो। यर्मियातिर आफ्नो बफादारिताले गर्दा बारुकले येरुशलेममा पाउने राजनैतिक सम्मान त्याग्नु परेको थियो। यसले गर्दा उनको सुन्दर भविष्य वन्थ्यो। तर अन्तमा यर्मियासँगको सम्पर्कमा उनको जीवन बाँचियौं र उनले भविष्यमा यस्तो सम्पदा छोडेर गए जुन उनले कहिलै पनि कल्पनासम्म गरेका थिएनन्।

पुरानो करारमा उल्लेखित कम परिचित व्यक्तिहरूले छोडेर गएका सम्पदा वा ऊहरूको जीवनबाट हामीले पाएका उपदेश तथा नितिहरूका अध्ययनको इतिश्री भएको छ। प्रायजसो ती व्यक्तित्वहरूका तत्कालिन समयमा तिनीहरूले महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने जस तिनीहरूले पाएका थिएनन्। तर तिनीहरूका नाम र ओगेटेका स्थानहरूलाई बाइबलमा समावेश गरिएका छन्। तिनीहरूको सफलता र असफलताले हामी आफ्नो जीवनलाई अर्थमूलक बनाउन सिकौं भनेर (रोमी १५:४) नै पवित्र धर्मशास्त्रमा तिनीहरूका नामहरू उल्लेख गरिएका हुन्।

**उपसंहारः**

थप जानकारीः “अर्को मुठा लिएर यर्मियाले बारुकलाई दिए र भने, ‘ राजा यहोकियामले जलाएका पहिलो मुठामा जे लेखेकाछौ, त्यो सम्पूर्ण शव्दाहरू यसमा लेख।.......अनि मलाई परमेश्वरले दिनुभएका अरू धेरै वचनहरू पनि उनले थपे। तिनमा पहिलाका जस्तै कुराहरू लेखिएका थिए।’ यर्मिया ३६:२८,२९ रूपान्तरित। परमेश्वरको अगमवक्ताका परिश्रमलाई मानिसको रीसले रोक्न कोशिष गरेको थियो। राजा यहोयाकिमले परमेश्वरको अगमवक्ताका सक्ति र अधिकारलाई सिमित राख्न खोजेको थियो, हनन गर्न खोजेको थियो। तर थप मौका दिएर परमेश्वरले आफ्ना जनहरूले के गर्नुपर्छ भनेर स्पष्ट पार्नुभयो।

“परमेश्वरको चेतावनी बिरुद्ध लड्ने नियतले गर्दा राजाले यर्मियालाई झ्यालखानामा हाले। यस्ता खालका नियत अझ पनि यस संसारमा छन्। बेला बेलामा दिएका चेतावनीहरूलाई मानिसले सुन्न अश्विकार गरिरहेकाछन्। तर झुठा धर्मगुरूले तिनीहरूलाई चिप्लो घस्दछन् र तिनीहरूका मूर्ख चाहना तथा योजनाहरूलाई अनुमोदन गरेका हुन्छन्। आफ्नो पापलाई तिनीहरूले वेवास्ता गरेका हुन्छन्। कष्टका समयमा यस्ता मानिसहरूले सुरक्षाको अनुभूति पाउनेछैनन् र स्वर्गबाट सहायता पनि आउँदैनन्। परमेश्वरले चुन्नुभएका सेवकहरूले दुःख, कष्ट र कडा प्रतिकूललाई धिरज र साहशसाथ सामना गर्नुपर्छ। आलोचना, पन्छाइएको अनुभव, नचाहिइएको वा हेपिइएको आभास, आफ्ना मनशायलाई गलत सम्झिने जस्ता कठिन परिस्थितिहरू परमेश्वरका जनहरूले सामना गर्नुपर्दछ। तर मानिसहरूले दिने कदरप्रति दृष्टिगत नगरि परमेश्वरका जनहरूले उहाँले दिएका कामहरूलाई विश्वासपूर्वक निरन्तरता दिनुपर्दछ। जब परमेश्वरले दिनभएका कामहरूलाई लगनशीलतापूर्वक सम्पन्न गरिरहन्छन्, पन्छाइएका परमेश्वरका जनहरूले यो सम्झनुपर्दछ कि कसरी परमेश्वरकै वचनको खातिर पुराना अगमवक्ताहरू, मानिसका उद्धारकर्ता येशू र उहाँका चेलाहरूले पनि दुर्व्यवहार र मानसिक तथा शारीरिक यातनाहरू खप्नुपरेको थियो।" एलेन जी. ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ४३७बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. परमेश्वरले आफ्नो जनहरूको आत्मिक उत्थानको निम्ति दिइने प्रेरणाप्रति हाम्रो धारणा के छ? एलेन जी. ह्वाइटको लेखहरुले परमेश्वरको निम्ति समर्पित जीवन र र सेवाकार्यबाट प्रेरणाको बारेमा हामीलाई कसरी बुझाउँछ?

२. परमेश्वरप्रति बफादार भइरहेकोले आफ्ना महत्वाकाँझाहरूलाई बिचलित पार्नुपरेका यस्ता कुनै पात्रहरू बाइबलमा तपाईंले भेट्टाउनु भएको छ? आफ्नो भाऊ भन्दा परमेश्वरको भाऊलाई सर्वोपरि ठानेकोले नै तिनीहरू पिल्सिएका होइनन् र?

३. परमेश्वरलाई पछ्याउँदा के के कुराहरू त्याग्नु पर्‍यो सो को बारेमा विश्वासीहरूबिच छलफल गर्नुहोस्। एक आपसका कथाहरूबाट तपाईंले के सिक्नुहुन्छ? परमेश्वरबाट पाउने आशिषले गर्दा उहाँको सेवाबापत त्याग्नु परेका कुनै पनि त्याग र कदर मूल्यहिन भएको भएको कसैको अनुभव छ?

४. गलत काम गरेकोले तपाईंले गाली खानु भएको छ भने त्यसबेला तपाईंलाई कस्तो हुन्छ? के तपाईंलाई गलत कुरा औँल्याइएकोमा घुँडा टेकेर पश्चातापको प्रार्थना गर्नुहुन्छ वा तपाईंलाई गरेको आलोचनालाई आगोमा फ्याँकेर त्यस आलोचना गरेको व्यक्तिलाई थुन्नु वा दोष दिन तत्पर हुनुहुन्छ?

५. हाम्रो आफ्नै पापको कारणले हामी दुःख पाएतापनि परमेश्वरले हामीलाई बिर्सनुहुन्न भन्ने तथ्यलाई हाम्रो मनमा कसरी जारी राख्ने? अत्यन्त महाकष्टको सामना गर्नुपर्दा पनि परमेश्वरप्रति बफादार भएर कसरी बस्ने? जुनसुकै प्रतिकूल अवस्थामा पनि विश्वाससाथ उहाँलाई कसरी समाती राख्ने? तपाईं जोसुकै भएतापनि अर्थात् जस्तोसुकै अवस्थामा भएतापनि “संसारलाई परमेश्वरले प्रेम गर्नुभयो" भन्ने येशूको महान वाणी तपाईंको निम्ति हो भनेर बुझिरहन वा त्यसको बारेमा सिक्न तपाईं कुन नितिमा हिँड्नुपर्छ?